धनगढी उप-महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
धनगढी ,कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति २०७५/११/०५

# काठ डांक वढावढद्वारा लिलाम विक्रीको सूचना

## प्रथम पटक प्रकाशित मिति २०७५/११/०६

उपरोक्त सम्वन्धमा यस धनगढी उप-महानगरपालिका को कार्यालय परिसरमा आ.व.२०७५/०७६ मा कटानी भई तपसिल वमोजिमका काठ दाउरा संकलन भै यस कार्यालयको परिसर भित्र नापजाच गरेका गोलिया काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्धि दरभाउ पत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भयको हुदा सम्वन्धित सवैको जानकारीका लागी यो २१ (एकाईस)दिने सूचना प्रकाशित गरिएको छ | तपसिलको शर्तमा रहने गरी ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले शिलवन्धि दरभाउपत्र आव्हान गरिन्छ |

तपशिल

१. दरभाउ पत्र खरिद गरिसक्नु पर्ने मिति २०७५/११/६ गते देखि २०७५/११/२६ गते सम्म कार्यालय समय भित्र | दरभाउ पत्र यस कार्यालयको राजस्व शाखा वाट रु.१०००/(एक हजार पछि फिर्ता नहुने गरी )मात्र उपलव्ध गराईने छ र दरभाउ पत्र दर्ता भईसक्नु पर्ने मिति २०७५/११/२७ गते दिउसो १२.०० वजे भित्र तथा दरभाउ पत्र खोलिने मिति २०७५/११/२७ गते दिनको २.०० वजे कार्यालयमा |
२. आफुले सकार गरेको रकमको १०% ले हुन आउने धरौटी रकम यस कार्यालयको रास्ट्रिय वाणिज्य बैंक धनगढी,कैलाली मा रहेको हि.न.. ४१७०३०३००७१०२ मा जम्मा गरेको नगदी भौचर वा नेपाल सरकार वाट ईजाजत प्राप्त वाणिज्य बैंकले जारी गरेको बैंक ग्यारेन्टी (९० दिनको) मान्य अवधि भएको पेस गर्नु पर्नेछ ।
३. शिलवन्धि दरभाउ पत्र खरिद,दर्ता तथा खोल्ने दिन विदा परेमा सो सम्वन्धि कार्य कार्यालय खुलेकै दिन क्रमशः सो कार्य हुने छ |
४. शिलवन्धि दरभाउ पत्रमा आफ्नो नाम ठेगाना लेखि दस्तखत गरी फर्म वा संस्थाको छाप समेत लगाई खाममा राखी शिलवन्धि गरी खामको दायातर्फ दरभाउ पत्र पेश हुने कार्यालयको नाम विषय उल्लेख गरी वोलपत्र पेश गर्नु पर्ने छ |
५. शिलवन्धि दरभाउ पत्र पेश गर्दा आफुले सकार गरेको रकम अंक र अक्षरमा स्पस्ट उल्लेख हुनु पर्ने छ | अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ |
६. शिलवन्धि दरभाउ पत्र पर्न आयका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ |म्याद नाघी आयको वा शर्त राखी पेश तथा रीत नपुगी वोलपत्र पेश भयका दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन |
७. ईच्छुक व्यक्ति संघ संस्था, फर्म वा कम्पनीले गोलिया काठ तथा दाउरा हेर्न चाहेमा यस कार्यालयमा आई हेर्न सकिने छ ।
८. सकारकर्ताले सकार गरेको सकार रकमको अतिरिक्त नियमानुसार लाग्ने मु.अ.कर, तथा वन विकास कोषको रकम समेत थप दाखिला गर्नु पर्ने छ |
९. आफुले कवोल गरेको दर रेटमा कुनैपनि फर्म तथा सप्लायर्स ले माल सामान उपलव्ध गराउन नसकेमा सो फर्म तथा सप्लायर्स को धरौटी रकम जफत गरिने छ ।
१०. यस कार्यालय वाट प्रमाणित नभई विक्री भएको र म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै कारवाही हुने छैन।
११. अन्य कुनै जानकारी लिन चाहेमा यस कार्यालयको जिन्सी उप-शाखामा कार्यालय समय भित्र सम्पर्क राखन हुन जानकारी गराईन्छ |

नि. प्रमुख प्रशासकीय अधिकृत